सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८९, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक १८७ ♦ २०८० साल चैत्र १९ गते सोमवार ♦ 1 April 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## राजश्व संकलनमा होटल र पर्यटन क्षेत्रको भूमिका महत्वपूर्ण : मन्त्री महासेठ



**खबर दर्पण समाचारदाता**

**चैत्र १८ गते, महेन्द्रनगर**

उपप्रधान एवम् भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठले विदेशी मुद्राको आर्जन र राजश्व संकलनमा होटल व्यवसाय र पर्यटन क्षेत्रको भूमिका महत्वपूर्ण रहेको बताउनुभएको छ।

मधेश प्रदेशको राजधानी जनकपुरधाममा आइतबारदेखि सुरु भएको नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेस प्रदेशको दोस्रो अधिवेशनको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो।

उहाँले नेपालमा होटल र पर्यटन व्यवसाय ठूलो व्यवसायको रुपमा रहेको भन्दै यसको सफलता असफलता संचालक र कर्मचारीको व्यवहारमा निर्भर रहेको बताउनुभयो। उहाँले नेपालमा पर्यटन व्यवसायको सम्भावना धेरै भएको भन्दै जंगल सफारी, हिमाल क्षेत्रको अवलोकन, धार्मिक पर्यटकीय क्षेत्रको अवलोकनका लागि पर्यटकलाई तान्न सक्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो।

हिमालसँगै धार्मिक पर्यटकसमेत नेपालमा धेरै ल्याउन सकिने उहाँको भनाइ छ। जनकपुरधाम पर्यटकीय सम्भावना भएको धार्मिक स्थान भएपनि सो अनुसारको विकास हुन नसकेको बताउनुभयो। उहाँले विगतमै आफू मन्त्री हुँदा रामायण सर्किटमा पर्ने स्थलहरुको विकासका लागि भारतसँग पनि छलफल गरेको बताउनुभयो।

कार्यक्रममा नेकपा एमाले संसदीय दल मधेश प्रदेशका उपनेता दिपेन्द्र ठाकुरले होटल व्यवसाय रोयल व्यवसाय भएको भन्दै प्रदेशलाई चिनाउने धरोहर को तस्बिर होटलमा झुण्डयाउनु पर्ने धारणा राख्नुभयो।

नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ मधेश प्रदेशका अध्यक्ष हिरालाल गौतमको अध्यक्षतामा भएको सो कार्यक्रममा प्रदेशसभा सदस्य शारदा थापा, रामअशिष यादव, जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज साह, कार्यक्रमका संयोजक सुरेन्द्र भण्डारी सहितकाले धारणा राख्नुभएको थियो।

## जलेश्वर नगरपालिकामा तालाबन्दी



**खबर दर्पण समाचारदाता**

**चैत्र १८ गते, बर्दिवास**

महोतरीको जलेश्वर नगर पालिकामा जनप्रतिनिधिहरुले नगरपालिकाका विभिन्न फाँटहरुमा तालाबन्दी गरेका छन् ।

नगरपालिकाको रेडबुक पटक-पटक सार्वजनिक गर्नुपर्ने माग गरेपनि नगरपालिकाले उपलब्ध नगराएको,नगर सभा भएको ९ महिनासम्म योजनाहरु सञ्चालन नगरेको, डोर हाजरीमा काम गरेका कर्मचारीको तलब नदिएको भन्दै वडा अध्यक्षहरुले आइतबार नगरपालिकाको योजना, लेखा, प्राविधिक फाँट र प्रशासकिय अधिकृतको कार्यकक्षमा ताला लगाएका हुन् ।

नगर सभा भएको ९ महिनासम्म स्वाथ्य चौकीका लागि आवश्यक औषधि खरिद नगरेको, किसानहरुको योजना नगर पालिकाको प्राथमिकतामा नपरेको र नगरपालिको काम र सेवाबारे सार्वजनिक सुनुवाइ नगराएपछि ताला लगाउनु परेको वडा नम्बर २ का वडा अध्यक्ष बरुण दहालले बताए ।

नगरपालिकामा कर्मचारीको बिवरण पटक-पटक मागेपनि वेवास्ता गरेपछि नगरपालिकाको फाटहरु र प्रशासकीय अधिकृतको कार्यकक्षमा ताला लगाउन बाध्य भएको दहालले बताए ।

## पेट्रोलको भाउ लिटरमै ४ रुपैयाँ बढ्यो

**खबर दर्पण समाचारदाता**

**चैत्र १८ गते, बर्दिवास**

नेपाल आयल निगमले पेट्रालको मूल्य बढाएको छ । आइतबार मध्यरातिदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर ४ रुपैयाँ मूल्य बढाइएको छ ।

यससँगै काठमाडौं उपत्यकासँगै पोखरा र दिपालयमा पेट्रोल एक लिटरको १७५ रुपैयाँ पर्नेछ । सुर्खेत र दाङमा १७४ तथा चारआली, विराटनगर, जनकपुर , अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज र वीरगञ्ज क्षेत्रमा पेट्रोल एक लिटरको १७२ रुपैयाँ ५० पैसा पर्नेछ ।

डिजेल, मट्टितेल र खाना पकाउने ग्लपी ग्यासको मूख्य भने हेर फेर भएको छैन ।

आयल निगमका अनुसार इण्डियन आयल कर्पोरेसनले पठाएको नयाँ खरिद मुल्यअनुसार पेट्रोलमा प्रतिलिटर ४ रुपैयाँ ७६ पैसा बढेको र डिजेल र मट्टितेलमा ३९ पैसा घटेको निगमले जनाएको छ ।


यस्तै एलपी ग्यासमा प्रतिसिलिण्डर २७ रुपैयाँ ४४ पैसा मूल्य घटेर आएको छ । तर अहिले पनि एलपी ग्यासमा २९६ रुपैयाँ १५ पैसा घाटा रहेको भन्दै सञ्चालक समितिले मूल्य हेरफेर नगर्ने निर्णय गरेको हो ।

सस्तो सुलभ र गुणस्तरीय छपाइको लागि अवश्यक सम्झनु होस् ।

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फलेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# भासिएको कमला पुलको निर्माण असार १५ भित्र सक्न उपप्रधानमन्त्री महासेठको निर्देशन



**खबर दर्पण समाचारदाता**
**चैत्र १८ गते, महेन्द्रनगर**

उपप्रधानमन्त्री एवं भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले धनुषा तथा सिरहा जिल्लालाई जोड्ने कमला नदीमा निर्माण भएर सञ्चालन नहुँदैभासिएको पक्की पुलको आज स्थलगत अनुगमन गर्नुभएको छ ।

धनुषा जिल्लाको कमला नगर पालिकाको सघारा तथा सिरहा सिरहा नगरपालिका जोड्ने निर्माण भएर सञ्चालन नहुँदै पुलका दुई वटा पिलर भासिएपछि सो क्षेत्रका जनता कमला नदी पार गर्न सास्ती खेप्दै आएका छन् । पुलको स्थलगत अनुगमन गर्नुहुँदै मन्त्री महासेठले असार १५ गतेभित्र पुल सञ्चालन हुने गरी काम सम्पन्न गर्न कडा निर्देशन दिनुभयो ।

उहाँले तीन सिफ्टमा कामदार खटाएर भए पनि भासिएको पुललाई निर्माण गर्न निर्माण कम्पनीलाई निर्देशन दिँदै र कमको चिन्ता नलिई कामको परिणाम दिन आग्रह गर्नुभयो । अहिले निर्माण कम्पनीले दुई सिफ्टमा भासिएको पुलको पिल्लर भएको ठाउँमा नयाँ ३० मिटर गहिरो ठाउँबाट नयाँ पिल्लरको निर्माण गरिरहेको छ ।

यसैगरी उपप्रधानमन्त्री महासेठले धनुषा जिल्लाको सवैला नगरपालिका तथा सिरहा जिल्ला जोड्ने कमला नदिमा केही समय अगाडी प्रधानमन्त्री पुष्पकमल दहलालले शिलान्यास गर्नुभएको पक्की पुलको निर्माणका विषयमा जानकारी लिनुभएको छ ।

अहिले सो ठाउँमा पुलको निर्माण तीव्र गतिमा निर्माण कम्पनीले काम गरिरहेका छन् । साथै, हुलाकी राजमार्गको भौतिक अवस्थाको विषयमा यातायातमन्त्री महासेठले जानकारी लिनुभयो ।

# गृह, सञ्चार लेखी द्वारा कार्यालयमा छड्के निरीक्षण



**खबर दर्पण समाचारदाता**
**चैत्र १८ गते, महेन्द्रनगर**

मधेश प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले आइतबार जनकपुरधामस्थित मन्त्रालय मातहतका तीनवटा कार्यालयमा छड्के निरीक्षण गर्नुभएको छ ।

मधेश प्रदेश सरकारको मिडिया काउन्सिल, आमसञ्चार प्राधिकरण र चलचित्र विकास बोर्डको कार्यालयमा मन्त्रालयका सचिव विरेन्द्रकुमार यादव सहित पत्रकारको टोली लिएर छड्के निरीक्षण गर्न पुगेपछि सो कार्यालयमा कर्मचारी र पदाधिकारी अनुपस्थित रहेका थिए ।

कार्यालयमा मन्त्री अनुगमन गर्न आएको खबर कार्यालयमा हुनासाथ मिडिया काउन्सिल मधेश प्रदेशका कार्यवाहक अध्यक्ष कैलाश दाससहितका पदाधिकारी उपस्थित भए पनि आमसञ्चार प्राधिकरण र चलचित्र विकास बोर्डको कार्यालयमा भने कार्यालय सहयोगी बाहेकका कर्मचारी भेटिएनन् ।

मिडिया काउन्सिलका कार्यवाहक अध्यक्षसहितको उपस्थित पदाधिकारीलाई काउन्सिलको कामकाज सुधारका लागि उहाँले निर्देशन दिनुभयो ।

उहाँले एक सातामा गर्ने काम तीन दिनमा र तीन दिनमा गर्ने काम २४ घण्टा भित्र गर्न निर्देशन दिनुभयो । छड्के निरीक्षणपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै गृह, सञ्चार तथा कानुनमन्त्री लेखीले मन्त्री भएपछि मन्त्रालय मातहतका कार्यालयको कामकाज बारेमा बुझ्न छड्के गरेको र सोचेभन्दा बढी दयनीय अवस्था देखिएको बताउनुभयो ।

उहाँले यस विषयमा कार्यालयका प्रमुखसहितका कर्मचारीलाई सोमबार मन्त्रालयमा बोलाएर छलफल गरिने बताउनुभयो । उहाँले सुरुमा सम्झाइ बुझाइ गर्ने पछि लापरबाही गर्ने जोसुकै कर्मचारीलाई मन्त्रालयले कारबाही गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । यता आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष श्यामसुन्दर यादवले कार्यालयकै कामको विषयमा आफू मुख्यमन्त्री कार्यालय गएको समयमा मन्त्रीले छड्के निरीक्षण गरेको प्रतिक्रिया दिनुभयो ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**वृष-** आर्थिक क्षेत्र सबल र हने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**मिथुन-**अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिंदैन।

**कर्कट** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह** -सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** -लामो समयपछि रस रङ्को चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**धनु** - समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**मकर** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कुम्भ-** मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। उपहारआदी प्राप्त हुनेछ ।

**मीन** -अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| विद्युत कार्यालय | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| खानेपानी हात्तीलेट वर्दिवास-८ | ९७०३८९१४२५ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सुरक्षित मानिएको ६ लेनको सडकमा दैनिक दुर्घटना

**विजयकुमार साह**

**चैत्र १८ गते, ढल्केवर**

मधेश प्रदेशअन्तर्गत पर्ने सडक मार्गमध्ये धनुषाको ढल्केबर-जनकपुर सडकखण्ड सवारी सञ्चालनका लागि सबैभन्दा सुरक्षित मानिन्छ। फराकिलो सडक, आवतजावत गर्न छुट्टाछुट्टै लेन र सडक सुरक्षाका लागि सडकको दुवै भागमा रेलिङ्ग निर्माण गरिएको छ। सडकमा मानिस र चौपायाको अनावश्यक प्रवेश रोक्न र दुर्घटना न्यूनीकरण गर्न रेलिङ्ग निर्माण गरिएको छ।

६ लेनको सडकमा तीन लेन जान र तीन लेन आउनका लागि छुट्टयाइएको छ। सडकको बिचमा डाइभर्सन निर्माण गरिएको छ भने गाडी फर्काउनका लागि ठाउँठाउँमा घुमाउने ठाउँ छोडिएको छ। त्यसका बाबजुद पनि ढल्केबर-जनकपुर सडकखण्डमा सवारी दुर्घटनामा कमी आउन सकेको छैन।

प्रहरीका अनुसार सो मार्गमा एक साताको अवधिमा तीन वटा सवारी दुर्घटना भएका छन्। दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन्। सबै दुर्घटना तीव्र गतिका कारण भएको प्रहरीको भनाइ छ।

छुट्टाछुट्टै सडक लेन भएकाले विपरीत दिशाबाट आउने गाडीसँग ठोक्किन सम्भावना न्यून भएकाले यस मार्गमा चालकले तीव्र गतिमा सवारी गुडाउने गरेका छन्। जसले गर्दा सवारीको सन्तुलन बिग्रेर दुर्घटना हुने गरेको स्थानीय विनोद महतोको बुझाइ छ। उहाँका अनुसार तीव्र गतिका कारण अचानक अगाडि आइपुग्ने अर्को सवारी, मानिस तथा चौपायालाई जोगाउन चालकले सवारी नियन्त्रणमा लिन सक्दैनन् र दुर्घटनामा पर्ने गरेका छन्।






सवारी चलाउनका लागि सुरक्षित मानिएको सडकमा चालकको गल्तीले दुर्घटना हुने गरेको महेन्द्र नगरका कामेश्वर साहको भनाइ छ। सडकभित्र मानिसको अनावश्यक प्रवेश रोक्न रेलिङ्ग लगाए पनि नाघेर जाने, सडक वारपार गर्दा दायाँबायाँ नहेरी बाटो काट्ने, गलत दिशाबाट सवारी गुडाउने र सडक नियमको पालना नगर्ने जस्ता कारणले दुर्घटना बढेको उहाँले बताउनुभयो।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाको तथ्यांक अनुसार जिल्लामा २०८० साउन १ गतेदेखि फागुन मसान्तसम्ममा सवारी दुर्घटनाबाट ५२ जनाको मृत्यु भएको छ भने २९२ जना घाइते भएका छन्। जसमध्ये अधिकांश दुर्घटना चालकको लापरबाही भएको देखिएको छ। दुर्घटना न्यूनीकरणका लागि ट्राफिक जनचेतना र सवारी जाँचमा कडाइ गरिए पनि ट्राफिक नियमको पालना र चालकको लापरबाहीले दुर्घटना न्यूनीकरणमा चुनौती थपिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षक शेखर साहले बताउनुभयो।

उहाँले दुर्घटना न्यूनीकरण गर्न सवारी जाँचमा कडाइ गरेपछि १८ हजार ९७८ वटा सवारीलाई कारबाही गरिएको जानकारी दिनुभयो। उहाँले सवारी कारबाहीबाट एक करोड ४५ लाख २४ हजार राजस्व समेत संकलन गरिएको बताउनुभयो।


ढल्केबर-जनकपुर सडकखण्डलाई स्तरोन्नति गरी ६ लेनको सडक निर्माण गरिएको छ। २०७४ सालदेखि सुरु गरिएको सडक निर्माणको काम सम्पन्न भइसकेको छ भने सपही, पिडारी चोक, रामानान्द चोक र जिरोमाइललगायतका स्थानमा रेलिङ्ग, पोल र नालासहितका कामहरु केही बाँकी छ।


सर्पको टोकाइबाट बच्ने उपायहरु

सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।

क्षीरेश्वरनाथ नगरपालिका, धनुषा


सर्पको टोकाइबाट बच्ने उपायहरु

सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।

मिथिला नगरपालिका, धनुषा






सर्पको टोकाइबाट बच्ने उपायहरु

सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।

औहरी नगरपालिका, महोत्तरी


सर्पको टोकाइबाट बच्ने उपायहरु

सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।

मठिहानी नगरपालिका, महोत्तरी




# सर्लाहीमा वार्षिक २ सय मेट्रिकटन मह उत्पादन हुँदै

**खबर दर्पण समाचारदाता**
**चैत्र १८ गते, सर्लाही**



नेपाल मौरी पालक महासंघ सर्लाहीका अध्यक्ष डम्बरदेव पाण्डेले सर्लाहीमा वार्षिक सालाखाला २ सय मेट्रिकटन मह उत्पादन हुने गरेको जानकारी दिएका छन् ।

सर्लाहीमा करिब ३ सय जना मौरी पालक किसान रहेका भए पनि १ सय जना सक्रिय रहेकाअध्यक्ष पाण्डेले जानकारी दिए ।

उत्पादित मह सर्लाही सहित काठमाडौँ देशका अन्य स्थानमा पुग्ने गरेको नेपाल मौरी पालक महासंघका केन्द्रीय सदस्य हेमराज देवकोटाले जानकारी दिए ।उनका अनुसार विगतका वर्षमा सर्लाहीमा वार्षिक ७ सय ८० मेट्रिकटन सम्म मह उत्पादन हुने गरेको र उत्पादित मह डाबर नेपाल र सालट्रेडिङलाई बिक्री वितरण गरिएको थियो । जलवायु परिवर्तन,वन विनाश (डढेलो) र किशन प्रति राज्यले गर्ने गरेको बेवास्ता प्रमुख कारण रहेको केन्द्रीय सदस्य देवकोटाले बताए ।पछिल्लो समय तेस्रो मुलुकबाट निर्बाध रूपमा भित्रने गरेको मह जस्तै गुलियो पदार्थका कारण यहाँका किसानले महको उचित मूल्य प्राप्त गर्न नसकेको मौरी किसानहरूले बताए ।

नेपालमा यस वर्ष ३ हजार ३५ सय मेट्रिक टनको हाराहारीमा मह उत्पादन भएको छ । यहाँ वार्षिक ८ हजार मेट्रिकटन भन्दा बढी महको माग रहेको छ ।आफूहरूको उत्पादन विस्थापित गर्ने गरि भारतीय मह जुन तरिकाले नेपालमा भित्रिएको छ बन्द भएन भने कडा आन्दोलन गर्ने उनले बताए । राज्यले मह उत्पादनमा गर्न ठोस नीति ल्याएर नेपाली मह विदेशी बजारमा निर्यात गर्नुपर्ने मौरी पालक किसानहरूको माग रहेको छ ।

गत साता 'दैनिक गरौं मह सेवन, हुन्छ स्वास्थ्य दीर्घ जीवन' भन्ने नाराको साथ सर्लाहीमा १८औं राष्ट्रिय मह दिवस समेत मनाइएको छ।

# मोटरसाइकल दुर्घटनामा कैलासको मृत्युपछि परिवारको विजोग, आर्थिक सहयोगको अपिल

**खबर दर्पण समाचारदाता**
**चैत्र १८ गते, बर्दिवास**



मृतक
कैलास साह

मोटरसाइकल दुर्घटनामा अकालमै ज्यान गुमाएका महोत्तरी भंगहा नगरपालिका कैलाश साहको परिवारको आर्थिक सहयोग संकलन थालिएको छ । ६ जनाको परिवारको एक मात्र कमाउने शहारा ३५ वर्षीय कैलासको गत चैत ५ गते राति जनकपुर ढल्केवर सडक खण्ड अन्तर्गत धनुषाको मिथिला नगरपालिका स्थित बसाई खोलाको पुलमा मोटरसाईकल दुर्घटनामा मृत्यु भएको थियो ।

बुवा नन्टुन साह तेलीका एकल छोरा कैलासको मृत्युले परिवार समस्यामा परेका छन् । १५ धुरको घरघडेरी बाहेक सम्पतिको नाममा अन्य केही नरहेका मृतक कैलासको तीन ससाना छोराछोरी र बिरामी आमाबुबा छन् । घरको आर्थिक अवस्था निकै कमजोर रहेकाले छोरा छोरीलाई पालनपोषण तथा आमाबुबाको उपचारमा समस्या हुने भएकाले आर्थिक सहयोग संकलन थालिएको हो ।


भंगहा नगरपालिकाका मेयर संजिव कुमार साह आफ्नै नेतृत्वमा उनको परिवारको सहयोगका लागि आर्थिक सहयोग संकलनमा लागेका हुँ मेयर साहको आह्वानमा सहयोगीहरुले आफूले सक्ने जति सहयोग गरिरहेका छन् । सहयोग गर्नेहरुको नामावली रकमसहित मेयर साहले आफ्नो फेसबुक फ्रोफाइलबाट सार्वजनिक गरि रहेका छन् ।

परिवारका सदस्य पूजा कुमारी साह र नुतन साह तेलीको संयुक्त नाममा कुमारी बैंकमा रहेको खाता नम्बर 078011509590000l मा आफूले सक्ने आर्थिक सहयोग गरिदिन मेयर साहले आग्रह गरेका छन् ।

**सर्पको टोकाइबाट बच्ने उपायहरु**

सर्पको टोकाइबाट बच्न बाहिर हिंड्दा बाहुला भएको लुगा लगाउने, गाउँघरको शौचालय प्रायःजसो बाहिर हुने भएका कारण टर्चलाइट बालेर जाने, भुईंमा नसुती खाटमा सुत्ने, खाटमा झुल लगाएर सुत्दा पनि केही हदसम्म बच्न सकिन्छ । साथै घरआँगन सफासुग्घर राख्ने, घरमा लिपपोत गर्दा वा घाँस दाउरा गर्दा ध्यान पुऱ्याउने गर्दा सर्पको टोकाइबाट बच्न सकिन्छ ।

**सर्पले डसेमा ज्यान बच्न सक्ने छोटो समय खेर नफालौं चाँडो पुग्ने मोटरसाइकल जस्ता साधन समाऔं, नजिकको सर्पदंश उपचार केन्द्रमा पुगेर ज्यान बचाऔं ।**



**बर्दिवास नगरपालिका, महोत्तरी**

**छाडा चौपाया र सडक छेउबाट निर्माण तथा अन्य सामाग्री हटाउने सम्बन्धी सूचना ।**

यस जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्र सडकमै निर्माण समाग्री नराख्न, सड्क पेटी अतिक्रमण गरी व्यापार व्यवसाय नगर्न, घरपालुवा पशु चौपायाहरु छाडा नछोड्न पटक पटक अनुरोध गर्दा समेत सो को वेवास्ता गरी बजारमा सडकमै निर्माण समाग्री राख्ने, सडक पेटी अतिक्रमण गरी व्यापार व्यवसाय गर्ने, छाडा चौपायाहरु सडक मै छोडी सार्वजनिक यातायात आगमनमा अबरोध गर्ने लगायतका बिभिन्न समस्या सृजना भएकोले यस्ता कार्य नगर्न गराउन सबैलाई सूचित गरिन्छ । सूचनालाई अटेर गरी यस्ता कार्य गर्नेमाथि कानुनी कारवाही प्रक्रिया अगाडि बढाइने सबैलाई यसै सूचना मार्फत सूचित गरिन्छ।

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा**







खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : अ (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा